# आकाशवाणी समाचार- नेपाली

मितिः १६ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. आफ्नो तीन देशको भ्रमणको दोस्रो चरणमा राष्ट्रपति द्रौपदी मुर्मू आज मॉरिटानियाका लागी प्रस्थान गर्नुहुनेछ।

२. नेसनल कन्फ्रेन्सका नेता उमर अब्दुल्लाहले आज केन्द्र शासित प्रदेश जम्मु–कश्मीरको मुख्यमन्त्रीका रुपमा सपथ लिनुहुनेछ।

३. विदेशमन्त्री एस जयशंकर आज इस्लामाबादमा हुने साङ्घाई सहयोग सङ्गठन (एससीओ) का शासनाध्यक्ष परिषद **सीएचजी को** २३औँ बैठकमा सहभागी हुनुहुनेछ, नौ वर्षयताको यो विदेशमन्त्रीको पहिलो उच्चस्तरीय भ्रमण हो।

४. केन्द्रीय गृहमन्त्री अमित शाहले देशका नागरिकको मौलिक अधिकारको रक्षाका लागि पुलिस अगाडि आउने समय आएको बताउनु भएको छ।

५. केन्द्रीय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमण आजदेखि मेक्सिको र अमेरिकाको भ्रमणमा जानुहुनेछ।

**राष्ट्रपति-मॉरिटानिया यात्रा**

आफ्नो तीन देशको भ्रमणको दोस्रो चरणमा राष्ट्रपति द्रौपदी मुर्मू आज मॉरिटानियाका लागी प्रस्थान गर्नुहुनेछ। मॉरिटानियाको एक दिने भ्रमणका क्रममा राष्ट्रपति विभिन्न कार्यक्रममा सहभागी हुनुहुनेछ भने उहाँले मॉरिटानियाका राष्ट्रपति मोहम्मद आउल्द गजौआनी र अन्य नेतासँग द्विपक्षीय भेटवार्ता गर्ने साथै भारतीय समुदायसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। यसअघि भ्रमणको पहिलो चरणमा राष्ट्रपतिले विगत तीन दिनमा अल्जेरियाली नेतृत्व र प्रतिनिधिमण्डलसँग विभिन्न द्विपक्षीय बैठकहरू गर्नुभयो जसले भारत-अल्जेरिया सम्बन्धलाई अझै दरिलो बनाएको छ।

**बाइट**

भ्रमणको अन्तिम चरणमा राष्ट्रपतिले अक्टोबर १७ देखि १९ सम्म मलावीको भ्रमण गर्नुहुनेछ। यी देशहरूको भ्रमणको उद्देश्य अफ्रिकी देशहरूसँगको भारतको सम्बन्धलाई सुदृढ र विस्तार गर्नु हो।

****** ० ******

**विदेश मंत्रालय ब्रीफिंग**

विदेश मन्त्रालयका सचिव अरुणकुमार चटर्जीले राष्ट्रपतिको अल्जेरिया भ्रमणलाई ऐतिहासिक भन्दै यसले भारत र अल्जेरियाबीचको राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। श्री कुमारले ब्रिक्समा अल्जेरियाको सदस्यताका लागि भारतले समर्थन गर्ने तथा दुई देश र उनीहरूका व्यापारिक समुदायबीच सहकार्यका लागि पारस्परिक इच्छा रहेको पनि उल्लेख गर्नुभयो।

****** ० ******

**शाह-आईपीएस प्रोबेशनर्स**

केन्द्रीय गृहमन्त्री अमित शाहले देशका नागरिकको मौलिक अधिकारको रक्षाका लागि पुलिस अगाडि आउने समय आएको बताउनु भएको छ। देशको सीमाभित्र हुने अपराध न्यूनीकरणका लागि पुलिस प्रणाली सतर्क हुनुपर्ने बताउँदै शाहले अब

नागरिकले सकेसम्म कम समयमा न्याय पाउनुपर्ने समय आएको बताउनु भयो । नयाँ दिल्लीमा भारतीय पुलिस सेवाको २०२३ ब्याचका ७६ जना प्रोबेशनरहरूसँग अन्तरक्रिया गर्दै उक्त कुरा बताउनु भएको हो भने गृहमन्त्रीले हाल देशमा ९९ प्रतिशत पुलिस स्टेशन अपराध र आपराधिक ट्र्याकिङ नेटवर्क र प्रणालीको सहायताले अनलाइनमा चलेको बताउनुभयो ।

****** ० ******

**<u>वित्त मंत्री- यात्रा</u>**

केन्द्रीय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमण आजदेखि मेक्सिको र अमेरिकाको भ्रमणमा जानुहुनेछ । यसै महिनाको १७ देखि २० तारिखसम्म हुने मेक्सिको भ्रमणको पहिलो चरणमा सीतारमणले टेक लिडर्स राउन्ड टेबलको अध्यक्षता गर्नुहुनेछ जसले ग्वाडलजारामा उपस्थित प्रमुख भारतीय आईटी दिग्गजहरू सहित विश्वव्यापी टेक्नोलोजी नेताहरूलाई एकसाथ ल्याउनेछ। सीतारमणले मेक्सिकोका वित्त तथा सार्वजनिक ऋणमन्त्री रोजेलियो रामिरेज डे-ला-ओ सँग द्विपक्षीय भेटवार्ता गर्ने यसका साथै उहाँले मेक्सिकन संसदका केही सदस्यहरूसँग संसदीय सहयोगलाई सुदृढ पार्ने र आर्थिक वृद्धिलाई बढावा दिने विषयमा पनि छलफल गर्नुहुनेछ। अर्कोतिर यसै महिनाको २० देखि २६ तारिखसम्म भ्रमणको दोस्रो चरणमा अमेरिकामा सीतारमणको अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक तथा चौथो जी–२० का अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरको बैठकमा भाग लिने तथा जी–२० का अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर, वातावरण मन्त्री र विदेशमन्त्रीतथा जी–७–अफ्रिका मन्त्रीस्तरीय गोलमेच बैठकमा पनि भाग लिने कार्यक्रम रहेको छ ।

****** ० ******

**<u>प्रधानमंत्री- एआई केंद्र</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वास्थ्य सेवा, कृषि र स्थाई शहरहरूमा केन्द्रित तीन एआई उत्कृष्टता केन्द्रहरूको स्थापनाको प्रशंसा गर्नुभयो। केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको एक पोस्टको जवाफमा प्रधानमन्त्री मोदीले तकनीक, नवाचार र एआईमा अग्रणी बन्ने भारतको प्रयासमा यो निकै महत्वपूर्ण कदम भएको बताउनु भयो । यसका साथै श्री मोदीले यी उत्कृष्टता केन्द्रहरूले देशको युवा शक्तिलाई फाइदा पुर्याउनेछन् र भारतलाई भविष्यको विकासको केन्द्र बनाउन योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो

****** ० ******

**<u>प्रधानमंत्री- उध्योग जगत</u>**

अन्तर्राष्ट्रिय दूरसञ्चार युनियन (आईटीयू) को विश्व दूरसञ्चार मानकीकरण सभा (डब्लुटीएसए) २०२४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वको उद्योगका अगुवाहरूले प्रशंसा गरेका छन् । श्री मोदीले आज नयाँ दिल्लीको इन्डिया मण्डपममा आयोजित आईटीयू-डब्ल्यूटीएसएको आठौं संस्करणको इन्डिया मोबाइल कंग्रेसको उद्घाटन गर्नुभयो। उद्योगका नेतृत्वहरूले डिजिटल इन्डियाका लागि प्रधानमन्त्रीको साहसिक दृष्टिकोणको पनि प्रशंसा गरे र सुधार, नवीनता र सहकार्यका लागि सरकारको समर्थनको सराहना गरे। रिलायन्स जियो इन्फोकम लिमिटेडका अध्यक्ष आकाश अम्बानीले प्रधानमन्त्री मोदीको दूरदर्शी नेतृत्वका लागि प्रशंसा गरे जसले भारतमा डिजिटल रूपान्तरणमा महत्वपूर्ण गति प्रदान गरेको छ । उनले भन्नुभयो, आफ्नो तेस्रो कार्यकालमा मोदीले इन्डियन मोबाइल कंग्रेस–आईएमसीलाई इनोभेसन र सहकार्यको लागि एक प्रमुख प्लेटफर्मको रूपमा स्थापित गरेका छन्, जसले डिजिटल क्षेत्रमा अभूतपूर्व वृद्धि भएको छ । भारती एयरटेलका संस्थापक तथा अध्यक्ष सुनील भारती मित्तलले डिजिटल भारतका लागि प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणमा जोड दिंदै भारतको दूरसञ्चार यात्रा र डिजिटल प्रविधिमा यसको परिवर्तनकारी प्रगतिमाजोड दिए। आदित्य बिड़ला ग्रुपका अध्यक्ष कुमार मंगलम बिड़लाले डिजिटल कनेक्टिभिटीको महत्वलाई निरन्तर मान्यता दिन सरकारले निरन्तर सहयोग गरिरहेको बताए। उनले भारतलाई अझ बढी कनेक्टेड, सशक्त र समावेशी डिजिटल राष्ट्रतर्फ लैजानका लागि पछिल्ला केही वर्षहरूमा गरिएका धेरै सुधारहरूबारे आफ्नो विचार व्यक्त गरे। अन्तर्राष्ट्रिय दूसञ्चार सङ्घका महासचिव सुश्री डोरेन बोगदान मार्टिनले विश्वव्यापी डिजिटल गभर्नेन्सको आवश्यकतामा प्रधानमन्त्रीले जोड दिएको स्मरण गर्नुभयो । मार्टिनले एकीकृत भुगतान इंटरफेसको सन्दर्भमा भारतको उपलब्धीबाट विश्वले धेरै कुरा सिक्न बाँकी रहेको बताइन् ।

****** ० ******

**सिंधिया-आईएमसी**

सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले पछिल्लो १० वर्षमा भारतमा मोबाइल फोनको संख्या १ अर्ब १६ करोड नाघेको र इन्टरनेट कनेक्सनको संख्या पनि करिब ९५ करोड पुगेको बताउनु भएको छ। भारतीय मोबाइल कंग्रेस र विश्व दूरसंचार मानकीकरण सभाको उद्घाटन सत्रपछि पत्रकारहरूसँग कुरा गर्दै श्री सिन्धियाले यी दुई कार्यक्रम उपकरण प्रदायकहरू, सेवा प्रदायकहरू र मानक सेटरहरू बीचको तालमेलको प्रतीक रहेको बताउनु भयो।

****** ० ******

**पीयूष-आईएमसी 2024**

केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले उदीयमान अर्थतन्त्रलाई डिजिटल कनेक्टिभिटी र दूरसञ्चार सेवा प्रदान गर्न भारतले महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् । श्री गोयलले टेलिकम मानकीकरण र भारतीय मोबाइल कंग्रेसमा विश्व सम्मेलनको आठौं संस्करणको उद्घाटन सत्रलाई सम्बोधन गर्दै यस्तो बताएका हुन्। उहाले भन्नुभयो , भारत देशभरि निर्बाध ब्रोडब्यान्ड कनेक्टिभिटी प्रदान गरेर विश्वभरि एक विश्वसनीय साझेदार बनेको छ। श्री गोयलले भन्नुभयो, भारतमा 5 जी को सेवा विश्व को बराबर छ र 6 जी को नवाचारमा भारत अग्रणी छ। उहाले भन्नुभयो , 'भारतले सम्पूर्ण विश्वलाई डिजिटल टेक्नोलोजी दिइरहेको छ ।'

****** ० ******

**जयशंकर-एससीओ**

विदेशमन्त्री एस जयशंकर आज इस्लामाबादमा हुने साङ्घाई सहयोग सङ्गठन (एससीओ) का शासनाध्यक्ष परिषद **सीएचजी को** २३औँ बैठकमा सहभागी हुनुहुनेछ । दुई दिने भ्रमणका लागि वहा हिजो पाकिस्तान पुग्नुभएको हो । पाकिस्तानको अध्यक्षतामा एससीओको बैठक हुन लागेको हो भने डा जयशंकरले सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ। एससीओ-सीएचजीको वार्षिक बैठक आयोजित गरिन्छ र संगठनको व्यापार र आर्थिक एजेन्डामा केन्द्रित हुन्छ। यसअघि जयशंकरले आफ्नो पाकिस्तान भ्रमण बहुपक्षीय कार्यक्रमका लागि भएको बताउडी द्विपक्षीय वार्ताको सम्भावनालाई नकार्नु भएको थियो । भारतीय विदेशमन्त्रीको नौ वर्षयताको यो पहिलो उच्चस्तरीय भ्रमण हो ।

****** ० ******

**जम्मू-कश्मीर-शपथ ग्रहण**

नेसनल कन्फ्रेन्सका नेता उमर अब्दुल्लाहले आज केन्द्र शासित प्रदेश जम्मु–कश्मीरको मुख्यमन्त्रीका रुपमा सपथ लिनुहुनेछ । उपराज्यपाल मनोज सिन्हाले श्रीनगरको शेर-ए-कश्मीर इंटरनेशनल कन्वेंशन सेंटरमा बिहान ११:३० बजे आयोजित समारोहमा अब्दुल्लाह र उनको मन्त्रीमण्डललाई शपथ दिलाउनु हुनेछ। हालै सम्पन्न विधानसभा चुनावमा नेसनल कन्फरेन्सले बहुमत प्राप्त गरेपछि लेफ्टिनेन्ट गभर्नरले उहाँलाई सरकार गठनका लागि आमन्त्रण गर्नुभएको थियो । यो चुनाव १० वर्षको अन्तरालपछि भएको हो । पछिल्लो पटक सन् २०१४ मा जम्मु–कश्मीर विधानसभाको चुनाव भएको थियो । हाम्रो संवाददाताका अनुसार शपथग्रहण स्थल वरपर व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ ।

****** ० ******

**भारत-न्यूजीलैंड पहला टेस्ट**

भारत र न्युजिल्यान्डबीचको तीन खेलको टेस्ट सिरिजको पहिलो खेल भोलिदेखि बेंग्लोरको एम. चिन्नास्वामी स्टेडियममा हुनेछ । यो खेल स्थानीय समयअनुसार बिहान ९ः:३० बजे सुरु हुनेछ । रोहित शर्माको कप्तानीमा रहेको भारतीय टोली सन् २०१२–१३ को सिजनपछि घरेलु मैदानमा लगातार १९ औं शृंखला जित्ने लक्ष्यमा हुनेछ । दोस्रो टेस्ट २४ देखि २८ अक्टोबरसम्म पुणेको महाराष्ट्र क्रिकेट एसोसिएसन स्टेडियममा हुनेछ भने तेस्रो तथा अन्तिम टेस्ट मुम्बईको वानखेडे स्टेडियममा १ देखि ५ नोभेम्बरसम्म हुनेछ ।

****** ० ******